# श्री कांठमाडौं जिल्ला अदालत

फोननं४४२२३९३२

बबरमहल काठमाण्डौ

जिन्सि शाखा(जिन्सि नं.१०८०८)

मिति:-२०७८/०६/११

दशिको चारपाङ्ग्रे सवारिसाधनको लिलामको सुचना

सुचना प्रकाशन मिती २०७८/०६/१२

यसमा प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी दिपक बुढा समेत भएको ०७६-C2-०१७९ नं.को सवारिसाधन चोरी पैठारी मुद्दामा दशिको रूपमा पेशहुन आइ जिन्सि नं.१०८०८ मा आम्दानि बाँधिएको बिभिन्न कम्पनिका चारपाङ्ग्रे सवारिसाधन थान-४ को मुल्यांकन सुचिमा उल्लेखित न्युमतम् मुल्य रू.१,७५,०००००/-(एककरोड पचहत्तरलाख रूपैंया) कायम गरि जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिमका निकायहरूमा एवं सम्मानित सर्वोच्च अदालत र यस अदालतको वेभसाईटमा सुचना प्रकाशित गरि शिलबन्दि बोलपत्रद्धारा लिलाम बिक्रि गर्ने गरि मिती २०७८/०५/१३ मा भएको निर्णय बमोजिम देहाय बमोजिमको मिती, समय, स्थान तय गरि प्रस्तुत लिलामको सुचना प्रकाशित गरिएकोले ईच्छुक व्यक्ति,संस्था वा फर्महरूबाट देहाय बमोजिमको सर्तहरूको अधिनमा रही लिलाम बिक्रि गरिने व्यहोरा सम्वन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१.शिलवन्दि वोलपत्रद्धारा लिलामबिक्रि गरिने मिती, समय र स्थान:-२०७८/०७/०९ गते दिउसो १.०० बजे देखि ३.०० बजेसम्म यस अदालतको जिन्सि शाखा।

२. शिलबन्दि वोलपत्रमा सहभागि हुने व्यक्ति,संस्था वा फर्मले मिती २०७८/०७/०८ गते सम्म शिलबन्दि बोलपत्र फारम दस्तुर रू.३,०००/- तिरी शिलवन्दि बोलपत्र फारम लिईसक्नु पर्नेछ ।

३. मिती २०७८/०७/९ गते १२.०० बजेसम्म सम्वन्धित पक्षले नागरिकताको प्रतिलिपि सहित र संस्था वा फर्मको हकमा संस्थाको करचुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखि व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट शिलवन्दि वोलपत्रमा सहभागि हुन निवेदन दर्ता गर्नु पर्नेछ ।

४. त्यसरी निवेदन दर्ता गराउने व्यक्ति, संस्था वा फर्मले मिती २०७८/०७/०९ गते दिउसो १ बजेदेखि ३ बजेसम्म सम्पन्न हुने शिलवन्दिबाट हुने लिलाममा स्वयं उपस्थीत हुनुपर्नेछ ।निवेदन दर्ता गराई सो मिती समयमा उपस्थित नहुने व्यक्ति,संस्था वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्म निवेदन दर्ता नगराउनेलाई बोलपत्रमा सहभागि गराईने छैन ।उक्त दिन कुनै बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने पहिलो दिन (मिती २०७८/०७/०८ को ९ गते र ऐ.९ गतेको १० गते) सोहि मिती समयमा सोहि प्रकृयाद्धारा लिलाममा चढेका सम्पूर्ण चारपाङ्ग्रे सवारिसाधन थान-४ लिलाम बिक्रि गरिनेछ ।

५.वोलपत्रमा सहभागि हुन निर्धारित समयमा उपस्थित व्यक्ति,संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने पक्षहरूको रोहवरमा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति, फर्म वा संस्थालाई उक्त सम्पूर्ण सवारिसाधन एकमुष्ट रूपमा लिलाम बिक्रि गरिनेछ

६. वोलपत्रमा उपस्थित पक्षले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबैंकमा कोष तथा लेखा नियन्त्रकको कार्यालय काठमाण्डौको खाता नं.१२०-१२००-००१-००२-५२४ यस अदालतको कार्यालय कोड नं.२७-२०४-०३ मा धरौट राखि सोको भौचर साथै राखु पर्नेछ ।वोलपत्रमा सबभन्दा बढि अंक कवुल गर्ने व्यक्ति,संस्था वा फर्मको बाहेक अन्यको धरौटि नियमानुसार सिघ्र फिर्ता गरिनेछ ।साथै लिलाम सम्वन्धि अन्तिम अधिकार यस अदालतमा रहनेछ।

७.वोलपत्रमा सबभन्दा बढि अंक कबुल गर्ने व्यक्ति फर्म वा संस्था(लिलाम सकार गर्ने पक्ष)ले ७ दिनभित्र आफुले कबुल गरेको मुल्यको १३ प्रतिशतले हुने मुल्य अभिबृद्धिकर दाखिल गर्न ल्याएको समयमा यस अदालतबाट उल्लेखित बैंकमा र बाँकी रकम नेपाल राष्ट्र बैंकमा कोष तथा लेखा नियन्त्रकको कार्यालय काठमाण्डौको खाता नं.१२०-१२००-००१-००२-५२४ यस अदालतको कार्यालय कोड नं.२७-२०४-०३ मा धरौट राखि सोको भौचर साथै राखि यस अदालतमा पेश गरि सो सम्पुर्ण रकम बुझाएको ५ दिन भित्र सामान उठाई लैजानु पर्नेछ ।साथै मनासिव माफिकको कारण परेमा बाहेक तोकिएको ७ दिन भित्र मुल्य अभिबृद्धि कर र बाँकि रकम नबुझाएमा वोलपत्रको समयमा पेश भएको १० प्रतिशत रकम जफत गरि नियमानुसार दोश्रो,तेश्रो पक्षलाई यसै प्रकृया बमोजिम सामान लिलाम गरिनेछ।

८. लिलाममा चढेको सम्पुर्ण सवारिसाधनको मुल्य एकमुष्ट उल्लेख गर्नु पर्नेछ ।शीलबन्दि वोलपत्रमा उल्लेखित रकम अंक अक्षरमा स्पष्ट लेखिनु पर्दछ ।अंक र अक्षरमा फरक पर्न गएमा सामान्यतया अक्षरमा लेखिएको मुल्यलाई मान्यता दिईनेछ ।

९. लिलाम गरिने सामानहरू हेर्न चाहेमा यस अदालतको जिन्सि शाखामा सम्पर्क राखि कार्यालय समयमा हेर्न सकिनेछ ।

१०. एउटाको नाममा दर्ता हुन आएको निवेदनपत्र अन्यले प्रयोग गर्न पाउने छैन ।निवेदनपत्र दर्ता गराईसकेपछि फिर्ता लिन पाईने छैन ।

११. अन्य कुराहरू सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ । लिलाम हुने सम्पुर्ण सवारिसाधनहरू थान-४ को न्युनतम् एकमुष्ट मुल्य रू. १,७५,००,०००/-(एककरोड पचहत्तरलाख) रहेको छ ।

उपरोक्त सम्बन्धमा प्रहरी प्रतिवेदनले बादी नेपाल सरकार प्रतिवादी दिपक बुढा समेत भएको ०७६-C2-०१७९ को सवारीसाधन चोरि पैठारी मुद्दामा दशिको रूपमा पेश भई जिन्सि नं.१०८०८ मा आम्दानि बाँधिएको भारतिय नं.प्लेटको DL 2C AZ 7799 नं.को सेतो रंगको क्रेटा गाडि-१,वा.१८ च.३१३८ नं.को सेतो रंगको स्कार्पियो गाडि-१, वा.२१ च.८७१४ नं.को सेतो रंगको स्कार्पियो गाडि-१ र वा.११ च.९७४९ नं.को सेतो रंगको फर्चुनर गाडि-१ समेत चारपाङ्ग्रे सवारिसाधन थान-४ को मुल्यांकन गर्ने प्रयोजनार्थ आज मिती २०७८/०५/१३ गतेका दिन यस अदालतको श्रेष्तेदार **श्री ज्ञानेन्द्र इटेनी**को अध्यक्षतामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(५) बमोजिम गठित देहायको मुल्यांकन समितिको बैठकले देहाय बमोजिमको निर्णय गरिएकोछ

उपस्थित

**श्री ज्ञानेन्द्र इटेनी** श्रेष्तेदार(उप-सचिव)काठमाण्डौ जिल्ला अदालत................................अध्यक्ष

श्री लोचन कुमार वाग्ले(शा.अ.)कोष तथा लेखा नियन्त्रकको कार्यालय काठमाण्डौ..सदस्य

श्री हरी बहादुर पुनमगर स. जि. न्या.व. (जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौ).....सदस्य

श्री हरेकृष्ण मिश्र मेकानिकल ईन्जिनियर(हेभिईक्युपमेन्ट मिनभवन)काठमाण्डौ........सदस्य

ज्ञान बहादुर खत्रि तहसिलदार(शाखा अधिकृत)काठमाण्डौ जिल्ला अदालत...................सदस्य

श्री सुदिप प्रसाद तिमिल्सिना लेखा अधिकृत (लेखा शाखा) का. जि. अ.....आमन्त्रित सदस्य

श्री दिपक दाहाल (शाखा अधिकृत) प्रशासन शाखा काठमाण्डौ जिल्ला अदालत....आमन्त्रित सदस्य

श्री डम्वर बहादुर थापा ना.सु. स्टोर शाखा काठमाण्डौ जिल्ला अदालत....आमन्त्रित सदस्य

श्री शम्भु कार्की ना.सु. जिन्सि शाखा काठमाण्डौ जिल्ला अदालत.....................आमन्त्रित सदस्य

श्री सीता अधिकारी फैसला कार्यान्वयन अधिकारी (उप-सचिव) काठमाण्डौ जिल्ला अदालत........................................................................................ सदस्य सचिव

निर्णय

१.उपरोक्त सवारिसाधन थान-४ को हालको अवस्थामा न्युनतम् मुल्य खुलाई पठाईदिन भनि मुल्यांकन समितीका बिज्ञ सदस्य श्री हरेकृष्ण मिश्रलाई अनुरोध गर्दा उपरोक्त सवारि साधन मध्ये चे.नं.MALC381CMJM505675*L ई.नंU3CBJJKH521 रहेको क्रेटा गाडिको मुल्य रू.२८,९५,८७२/-, चे.नं.MA1TA2SJXF2J11754 ई.नं.SJF4J11906 को वा.१८ च.३१३८ नं.को S4 स्कार्पियो गाडिको मुल्य रू.२५,४२,०८०/-,चे.नं.MA1TA2WR2J2H26688 ई.नं.WRJ4H19645 नं.को वा.२१ च.८७१४ नं.को S 7 स्कार्पियो गाडिको मुल्य रू.२५,४२,०८०/- र चे.नं.MBJ11JV6104002014~0714 ई.नं.1KD U399777 को वा.११ च.९७४९ को फर्चुनर गाडिको मुल्य रू.२४,३२,६९७/- पर्ने भनि पेश हुन आएको मुल्यांकन प्रतिवेदन,प्रचलित वजारमुल्य,सामानको हालको अवस्था,मोडल नं. र जिल्ला अदालत नियमावलि २०७५ को नियम ९२(७) बमोजिमको अवस्थालाई बिचार गर्दा उपरोक्त सवारिसाधन मध्ये देहाय बमोजिमका सवारिसाधनालाई देहाय बमोजिम मुल्यांकन गर्ने सर्वसम्मत निर्णय गरियो।

क. चे.नं. MALC381CMJM505675*L ई.नं U3CBJJKH521 रहेको क्रेटा गाडिको मुल्य रू.४०,००००० /-(चालिसलाख)

ख. चे.नं.MA1TA2SJXF2J11754 ई.नं.SJF4J11906 को वा.१८ च.३१३८ नं.को स्कार्पियो S4 गाडिको मुल्य रू.३०,०००००/-(तिसलाख)

ग. चे.नं. MA1TA2WR2J2H2 6688 ई.नं. WRJ4H19645 नं.को वा.२१ च. ८७१४ नं.को S7 स्कार्पियो गाडिको मुल्य रू.३०,०००००/-(तिसलाख)

घ. चे.नं. MBJ11JV6104002014~0714 ई.नं. 1KD U399777 को फर्चुनर वा.११ च.९७४९ को मुल्य रू.७५,००००० /-(पचहत्तरलाख) समेत सम्पुर्ण प्रस्तुत लिलाममा चढेका सवारिसाधहरू थान-४ को एकमुष्ट न्युनतम् मुल्य रू.१,७५,००,०००/- (एककरोड पचहत्तरलाख रूपैया) कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

२. उपरोक्त सवारिसाधनहरूको पृथक पृथक लिलाम नगरि एकमुष्ट रूपमा शिलवन्दि वोलपत्रको माध्यमबाट लिलाम गर्न राष्ट्रियस्तरको गोर्खापत्र दैनिकमा लिलामको सुचना प्रकाशित गर्ने।

३. उपरोक्त सवारिसाधनहरूको पुर्व निर्णय बमोजिम सवारिसाधनमा उल्लेख भए बमोजिमको प्लेट नं. उल्लेख नगरि ईन्जिन एवं चेसिस नं.उल्लेख गरि उक्त ईन्जिन एवं चेसिस नं. बमोजिम नै लिलाम दर्ताको लागि सम्बन्धित निकायमा लेखि पठाउने।